**लहान नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
लहान, सिरहा
मधेश प्रदेश, नेपाल
(आन्तरिक राजस्व उपशाखा)

# नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री तथा व्यवस्थापनका लागि बोलपत्र शिलवन्दी बोलपत्र आह्वान सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१/११/०१)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र यस लहान नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ११ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित खोला/नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्/संकलन गरी लहान नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी चालु आ.व. २०८१/०८२ (२०८१ चैत्र १ गते देखि २०८२ जेठ मसान्तसम्म) कोलागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल :-

| सूचना नं./ बोलपत्र नं. | ठेक्काको नाम | दैनिक रुपमा उत्खनन् तथा संकलन गर्न सकिने अधिकतम परिमाण | जम्मा उत्खनन् परिणाम (घन मीटर) | न्यूनतम ठेक्क अंक रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर रकम रु. |
|---|---|---|---|---|---|---|
| ०१/ ०८१/०८२ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्रभेल, माटो आदी) उत्खनन्, संकल, बिक्री तथा व्यवस्थापन ठेक्का | बलान खोला- २०१.३९ घन मी. सर्रे खोला- २०७.७४ घन मी. | ३६,८२१.७० | ७३,६४,५००।- | ३,७०,०००।- | ३,०००।- |

शर्तहरु :-

०१. बोलपपत्र फाराम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर वापत नेपाल बैंक लि., शाखा कार्यालय, लहानमा रहेको यस कार्यालयको खाता नं. ०३६०३००००१००१००००१ मा नगद जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोलिने कार्य हुनेछ ।

०२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम नेपाल बैंक लि., लहानमा रहेको यस कार्यालयको धरौटी खाना नं. ०३६०३००००३००००००००१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट बोलप नं. र ठेक्काको नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बिड बण्ड र तोकिएको बोलपत्र फारम दस्तुर माथि उल्लेखित यस कार्यालयको बैंक खाना नं. मा जम्मा गरेको बैंक भौचर शिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

क्रमश:.........

प्रमुख प्रशासकीय अधिकृत

०३. खरिद गरेको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

०४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन ।

०५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ११ औं दिन दिनको १:०० बजे नगरकार्यपालिकाको कार्यालय, लहानमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

०६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्कक राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

०७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र कबोल अंकको ५०% ले हुने प्रथम किस्तावापतको रकम अनिवार्य बुझाउनुपर्नेछ । बाँकी ५०% ले हुन दोस्रो किस्तावापतको रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट वि.सं. २०८२ साल आषाढ मसान्तसम्म म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी चलनपट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्म वा कम्पनीले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्ने छ ।

०८. कुनै कारणवस ठेक्का अवधि कम हुन गएमा कवोल अंकलाई आधार मानी कम हुने अवधिको दामासाहीले कम हुन आउने अंकलाई ठेक्का अंक रकम मानिनेछ ।

०९. तोकिएको म्यादभित्र चलनपट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । उल्लेखित खोला/नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, लहान नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै स्वीकृत (IEE) वातावरणीय अध्ययन प्रतिवेदन ठेक्का सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः- विस्तृत जानकारीको लागि यस कार्यालयको **Website:www.lahanmun.gov.np** मा समेत हेर्न सकिनेछ)

प्रमुख प्रशासकीय अधिकृत